घरपभ्फोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ४२औं बैठकको निर्णयहरु

मिति २०८१।१२।२२

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस घरपभ्फोङ गाउँ कार्यपालिकाको मिति २०८१।१२।६ गते बसेको ४१औं बैठकमा १० वटा निर्णयहरु भएकोमा सबै निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रहेको पाईयो । यस गाउँपालिकाको गाउँसभाको १५औं अधिबेशनमा पेश भई स्वीकृत भएका पूर्वाधार निर्माण सम्बन्धी योजना तथा कार्यक्रमहरु मध्ये ठुला र ठेक्का प्रकृयाबाट कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई ठेक्का प्रक्रिया अघी बढिसकेको र स-साना योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियामा रहेको जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

प्रदेश विशेष तथा समपूरक कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. २ :-**

गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराको च.नं.४९४ मिति २०८१।१२।१३ गतेको विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को अनुसूची-३ बमोजिम प्राथमिकताको आधारमा निम्नानुसारका योजना तथा कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

१) क्रमागत योजना तर्फ

| क्र.सं. | योजना/कार्यक्रमको विवरण | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | खेलग्राम पूर्वाधार निर्माण, घरपभ्फोङ गाउँपालिका-२, मार्फा | घरपभ्फोङ गा.पा. २, मार्फा | |

२) विशेष अनुदान तर्फ

| प्राथमिकताक्रम | योजना/कार्यक्रमको विवरण | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | स्याङ तथा ढुकुचे गाउँमा छपनी ढुङ्गा बिच्छयाउने तथा ढल निकास आयोजना | घरपभ्फोङ गा.पा. ३, स्याङ | |

३) समपूरक अनुदान तर्फ

| प्राथमिकताक्रम | योजना/कार्यक्रमको विवरण | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | मार्फा-छैरो कालीगण्डकी तटबन्ध | घरपभ्फोङ गा.पा. २ र १, मार्फा र छैरो | |

निर्णय प्रमाणित ।
०८१।१२।२२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

प्रस्ताव नं. ३ :-
कैसाङ खोला ठिनी सिंचाई निर्माण आयोजना सम्बन्धमा ।
निर्णय नं. ३ :-
यस गाउँपालिका ४ र ५ नं. वडाका मुख्य खेतियोग्य जमिनको सिंचाईका लागि हाल सञ्चालनमा रहेको सिंचाई कुलो जीर्ण भएको र बर्षातको समयमा कुलोको मुहानमा बाढि आई क्षति पुऱ्याई रहने हुँदा स्थायी रुपमा सिंचाई व्यवस्थापन गर्नका लागि विगतमा कैसाङ खोला ठिनी सिंचाई निर्माण आयोजनाको निर्माण कार्यको शुरुवात भई करिब १ करोड १८ लाख बराबरको काम समेत सम्पन्न भएको । ठुलो बजेटको आवश्यक्ता परेको तर आवश्यक बजेटको व्यवस्था हुन नसकि उक्त योजना दुई बर्ष देखि अलपत्र अवस्थामा रहेकोले निर्माण भई सकेका पूर्वाधारहरु बिग्रिन थालेको देखिएको छ । उक्त योजनालाई बृहत आयोजनाको रुपमा कार्यान्वयन गर्नु पर्ने देखिएको हुँदा परामर्श तथा अन्य सेवा शुल्क शिर्षकबाट रु.५,००,०००।- खर्च गर्ने गरी आयोजनाको बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने सर्वसम्मत निर्णय गरियो । साथै आयोजनाको बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भए पश्चात गाउँपालिकाबाट टोली बनाई सम्बन्धित मन्त्रालयहरु र निकायहरुमा आवश्यक बजेट माग गर्नका लागि जाने समेत सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४ :-
नीजि साझेदारी यातायात सेवा सञ्चालन एवंम् प्रबर्द्धन कार्यक्रम सम्बन्धमा ।
निर्णय नं. ४ :-
नीजि साझेदारी यातायात सेवा सञ्चालन एवंम् प्रबर्द्धन कार्यक्रम सञ्चालनको लागि बनेको कार्यक्रम सञ्चालन प्रस्तावलाई विस्तृत रुपमा अध्ययन गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ५ :-
मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि सम्बन्धमा ।
निर्णय नं. ५ :-
घरपझोङ गाउँपालिका, न्यायिक समितिबाट पेश भएको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ लाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ६ :-
बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ संशोधन सम्बन्धमा ।
निर्णय नं. ६ :-
घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१, को दफा १८. सम्झौता अवधिमा र दफा २० टिकट काउण्टर व्यवस्थापनमा तपसिल बमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
08/12/22

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

तपसिल :-

१८. सम्झौता अवधि : सम्झौता अवधि सम्झौता भएको मितिले ४ बर्षको हुनेछ । व्यवस्थापकले म्याद समाप्त हुनुभन्दा ३ महिना अगावै म्याद थपको निवेदन गाउँपालिकामा पेश गरेमा औचित्य हेरी सन्तोषजनक र उपयुक्त ठहर गरेमा समितिको सिफारिसमा कार्यपालिकाले सम्झौता अवधि थप गर्न सक्नेछ । तर सम्झौता अवधिको प्रत्येक २ बर्षमा साविकको भाडा दरमा १०% (१० प्रतिशत) को दरले बृद्धि हुनेछ ।

२०. टिकट काउण्टर व्यवस्थापन : बसपार्क सञ्चालन तथा व्यवस्थापनको लागि विभिन्न यातायात कम्पनीलाई व्यवस्थापकलेनै आपसी समझदारीमा काउण्टरको भाडा मासिक अधिकतम् रु.१०,०००।- मा नबढ्ने गरी टिकट काउण्टर उपलब्ध गराईनेछ ।

प्रस्ताव नं. ७ :-

बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. ७ :-

बसपार्क सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८१।१२।२१ गते बसेको बैठकको निर्णयबाट बसपार्कको न्युनतम् भाडा दर कायम गरिदिनका लागि प्रस्ताव पेश भएको हुँदा तपसिल बमोजिमको न्युनतम् भाडा दर कायम गर्ने साथै तपसिल बमोजिम कैफियतमा उल्लेख भए अनुसार दुवै बसपार्कहरु भाडामा दिने सम्बन्धी छुट्टा छुट्टै प्रस्ताव आह्वानको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | बसपार्कको विवरण | बार्षिक न्युनतम् भाडा दर | कैफियत |
|---|---|---|---|
| १ | घरपझोङ गा.पा. ४ मा रहेको जोमसोम बसपार्क | रु.२,८०,०००।- | घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ अनुसार हुने । |
| २ | घरपझोङ गा.पा. ३ को पुथाङ एक्लेभट्टीमा रहेको बसपार्क (३ वटा सटर कोठा सहित) | रु.१,००,०००।- | बिद्युत चार्जिङ सिस्टम र गाडी धुने सेवा सञ्चालकले आफ्नै खर्चमा आवश्यकता ठानेमा राख्न दिने त्यस बाहेक अन्य कुनै किसिमको पूर्वाधार निर्माण गर्न नपाउने, टिकट काउण्टर र ग्यारेज समेत राख्न नपाउने । । |

साथै पुथाङ एक्लेभट्टीको पार्किङ स्थलको सुरक्षाको लागि सी.सी.टी.भी. जडान गर्ने र लाग्ने खर्च योजना व्यवस्थापन तथा प्रशासनिक खर्च शिर्षकबाट भुक्तानी दिने समेत सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८१।१२।२२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ८ :-**

कार्यालयको अगाडी रहेको ३ वटा सटरहरुको सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

यस घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको अगाडी रहेको ३ वटा सटरहरु हाल तपसिल बमोजिमका व्यक्तिहरुले भाडा सम्झौता गरी आ-आफ्नो व्यवसायहरु सञ्चालन गरी रहेको तर समयमा भाडा नतिर्ने र पटक पटक पत्राचार गरिरहने अवस्था सृजना भएको देखिएको हुँदा र निजहरुको सँग भाडा सम्झौता यही २०८२ सालको बैशाख मसान्त सम्म रहेकोले उक्त सटरमा भाडामा बसेका व्यक्तिहरुले ईच्छा प्रकट गरी म्याद थप गर्न निवेदन दिएमा २०८२ सालको असार मसान्त सम्म मात्र म्याद थप गर्ने र त्यस पश्चात सटरहरु कसरी व्यवस्थापन गर्ने सम्बन्धमा अर्को कार्यपालिका बैठकमा निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो साथै २०८१ साल असार मसान्त सम्म २ महिनाको लागि म्याद थप गर्दा सम्झौतामा उल्लेख भएको १०% बृद्धि रकम नलिने समेत सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | सटर भाडामा लिएको व्यक्तिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री गणेश शेरचन | घरपझोङ गा.पा. ४, जोमसोम | |
| २ | श्री पिताम्बर बसेल | घरपझोङ गा.पा. ४, जोमसोम | |
| ३ | श्री सबी नेपाली | घरपझोङ गा.पा. ४, जोमसोम | |

**प्रस्ताव नं. ९ :-**

डकुमेन्ट्री खर्च सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

धेरै गुम्बाहरु रहेको गाउँपालिकाको रुपमा पहिचान भएको यस घरपझोङ गाउँपालिकामा रहेका गुम्बाहरु पुराना एवंम् ऐतिहासिक महत्वका भएको र केही गुम्बाहरुको भौतिक अवस्था जीर्ण भईसकेकोले तुरुन्तै मर्मत संभार हुन नसके गुम्बा भत्किने सम्भावना समेत रहेको अवस्थामा त्यस्ता गुम्बाहरुको जीर्णोद्धरका साथै मर्मत संभारको सहयोगका लागि बिदेशी संस्थाहरुले चासो लिने गरेको तर त्यस्ता गुम्बाहरुको सम्बन्धमा जानकारी दिने किसिमका प्रस्तुतिकरण सामाग्रीहरु नरहेकोले विज्ञ तथा व्यवसायिक भिडियोग्राफर र विश्लेषण गर्ने व्यक्ति वा भिडियो निर्माण गर्ने संस्थाबाट अंग्रेजी भाषामा प्रस्तुतिकरण श्रव्यदृष्य सामाग्री तयार गर्ने सर्वसम्मत निर्णय गरियो र श्रव्यदृष्य सामाग्री यस गाउँपालिकाका अध्यक्ष श्री मोहन सिंह लालचनज्यूको पारिश्रमिकबाट निजले भुक्तान गर्ने गरी तयार गर्ने सर्वसम्मत निर्णय गरियो र खर्चको विवरण यस गाउँ कार्यपालिकालाई जानकारी गराउने ।

**प्रस्ताव नं. १० :-**

गाउँपालिकाको पञ्चबर्षिय आवधिक योजना अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. १० :-**

सिनर्जी सस्टेनेबल जेभी, काठमाण्डौको प्राविधिक सहजीकरणमा तयार भएको यस घरपझोङ गाउँपालिकाको आ.ब. २०८१।८२ देखि २०८५।८६ सम्मको दोश्रो पञ्चबर्षीय आवधिक योजना अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो साथै आवधिक योजना स्वीकृतिका लागि आगामी गाउँसभाको अधिबेशनमा पेश गर्ने समेत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८१।१२।२२

**प्रस्ताव नं. ११ :-**
"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धमा ।

**निर्णय नं. ११ :-**
यस घरपझोङ गाउँपालिकामा हाल सम्म कुनै पनि निर्माण व्यवसायी दर्ता हुन नआएको तर अन्य स्थानीय तहमा दर्ता भई ठाउँसारी गर्ने प्रवृति देखिएको हुँदा यस गाउँपालिकाका स्थानीयलाई यसै गाउँपालिकामा निर्माण व्यवसायीको फर्म दर्ता गरी व्यवसायी शुरु गर्नका लागि प्रोत्साहन गर्न यस गाउँपालिकाले तयार गरेको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-४ लाई तपसिल बमोजिम संशोधन गर्ने र अनुसूची-७ थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**
१) अनुसूची-४ "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता को बुँदा ३ मा संशोधन
(क) ट्रिपर वा टयाकटर : एक थान : (हटाउने)
(ख) मिक्सर : एक थान : (हटाउने)
(ग) Theodolite/Level Machine/Total Station : एक थान
(घ) वाटर पम्प : एक थान
(ङ) भाइब्रेटर : एक थान

२) अनुसूची-७ थप्ने

अनुसूची-७
कार्यविधिको दफा (६)(क) सँग सम्बन्धित
ठाउँसारीको लागी दिइने दरखास्त

विषयः ठाउँसारी गरी पाउँ भन्ने बारे ।

| दरखास्तवालाको फोटो |
|---|

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
घरपझोङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोममुस्ताङ । ,

यस घरपझोङ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७७ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि ईजाजतपत्र पाउँन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको

नामः ठेगानाः पोष्टबक्सः
टेलिफोन नं.: फ्याक्स नं.: ईमेलः

२. फर्म वा कम्पनीको प्रकृतिः

| | |
|---|---|
| प्राइभेट लिमिटेड कम्पनी | |
| पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | |

निर्णय प्रमाणित
०८१।१२।२२

| साझेदारी | |
|---|---|

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको

नामः ठेगानाः पोष्टबक्सः

टेलिफोन नं.: फ्याक्स नं.: ईमेलः

४. फर्म वा कम्पनीको विवरण

दर्ता नं.: दर्ता मितिः अधिकृत पूँजीः

जारी पूँजीः दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. घरपझोङ गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७९ ,(सशोधन सहित) को अनुसूची ४ बमोजिमको योग्यता पुगेको – छ / छैन

६. सामुहिकरण अन्तर्गतको समूहः

७. आर्थिक श्रोत विवरणः

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

यस दरखास्त फाराममा उल्लेखित सम्पुर्ण व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

-दरखास्तवालाकोः

दस्तखतः

नामथरः,

ठेगानाः

मितिः

सम्पर्क मो.नं./टे.नं.फो. :

**कार्यालय प्रयोजनः**

घरपझोङ गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७७ (संशोधन सहित) को दफा (२) २० बमोजिम योग्यता पुगेको भए प्रमणित गर्नेः

| क.सं. | पद | पदाधिकारीको नामथर , | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | सिभिल ईन्जिनियर | | | संयोजक |
| २ | प्रशासन शाखा प्रमुख | | | सदस्य |
| ३ | सव-ईन्जिनियर | | | सदस्य |

निर्णय प्रमाणित

०८१।१२।२२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १२ :-**

बेरोजगार श्रमिकहरुको ५० दिनको काम सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

यस गाउँ कार्यपालिकाको मिति २०८१।५।१९ गते बसेको बैठकको निर्णय नं.२ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार श्रमिकहरुको ५० दिनको कामको सम्बन्धमा हाल सम्बन्धित वडाहरुबाट भई रहे बमोजिम बेरोजगार श्रमिकहरुलाई वडाहरुबाटनै निर्णय गरी काममा लगाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

सि.अ.न.मी. श्री प्रकृति गुरुङको उच्च अध्ययन/छात्रावृतिको लागि मनोनयन तथा तलबी अध्ययन बिदा सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

यस गाउँपालिकामा सि.अ.न.मी. पदमा कार्यरत श्री प्रकृति गुरुङले उच्च अध्ययन/छात्रवृतिको लागि मनोनयन तथा तलबी अध्ययन बिदा स्वीकृत गरी पाउँ भनी मिति २०८१।१२।१७ गते दिएको निवेदन उपर छलफल हुँदा निजले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ७२ मा रहेको सम्पूर्ण उपदफाहरु पालना गर्न मन्जुर छु भनी कबुल गरी निवेदन पेश गरेको हुँदा माग भए अनुसार पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निःशुल्क छात्रवृतिमा २ बर्षे चिकित्साशास्त्र स्नातकोत्तर अन्तर्गत Master of Nursing अध्ययन गर्नको लागि गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ बमोजिम मनोनयन गरी पठाउने र तलबी अध्ययन बिदा आवश्यक भएमा सोको समेत स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :-**

फोहरमैला व्यवस्थापन समितिको सदस्य मनोनयन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

घरपझोङ गाउँपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७९ को दफा २१ मा व्यवस्था भएको फोहरमैला व्यवस्थापन समितिमा वडा अध्यक्ष मध्ये कार्यपालिकाले तोकेको १ जना सदस्य रहने व्यवस्था भए अनुसार १ नं. वडा अध्यक्ष श्री आस बहादुर थकालीलाई तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :-**

सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्बन्धमा ।

**निर्णय नं. १५ :-**

यस घरपझोङ गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरु लगायत गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुबाट भएका सेवा प्रवाहरुको सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ साल बैशाख महिनाको चौथो हप्ता तिर सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(निर्णय प्रमाणित)
०८१।१२।२२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

<u>प्रस्ताव नं. १६ :-</u>

जिल्ला प्रशासन कार्यालय, मुस्ताङको पत्रको सम्बन्धमा ।

<u>निर्णय नं. १६ :-</u>

जिल्ला प्रशासन कार्यालय, मुस्ताङको च.नं.५१० मिति २०८१।१२।१० गतेको पत्रको सम्बन्धमा छलफल हुँदा हाल कारागार कार्यालय, जोमसोममा १० जना कैदी बन्दिहरु रहेको जानकारी भयो । कैदीबन्दीहरुलाई सिप विकास तालिम सञ्चालन गरी कैन्दीबन्दस्हरुको सिप विकास हुने साथै निजहरुको आयआर्जनमा समेत टेवा पुग्ने हुँदा सिलाई कटाई तालिमको लागि आवश्यक पर्ने ४ थान सिलाई मेसिन गाउँपालिकाबाट अनुदानमा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो । ४ (चार) थान सिंलाई मेसिन खरिद गर्नको लागि लाग्ने रकम विभिन्न संघ संस्थाहरुलाई सहयोग शिर्षकबाट खर्च गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. १७ :-</u>

आयुर्वेद चिकित्सालयको जग्गा सम्बन्धमा ।

<u>निर्णय नं. १७ :-</u>

प्रदेश आयुर्वेद चिकित्सालय, जोमसोमको च.नं.१४२ मिति २०८१।१२।१० गतेको पत्रबाट चिकित्सालयको स्तरोन्नतिका लागि करिब ५० देखि १०० रोपनी जग्गा आवश्यक परेको भन्ने व्यहोरा जानकारी भयो । पेश भएको प्रस्ताव बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नका लागि उपयुक्त जग्गा चाहिने हुँदा विस्तृत अध्ययन पश्चात आवश्यकता अनुसार निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. १८ :-</u>

ईलेक्ट्रिक सेनीटरी प्याड डिस्पोजल मेसिन सम्बन्धमा ।

<u>निर्णय नं. १८ :-</u>

यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा वितरण भई रहेको सेनीटरी प्याडहरु प्रयोग पश्चात आवश्यक व्यवस्थापनको लागि दुई थान ईलेक्ट्रिक सेनीटरी प्याड डिस्पोजल मेसिन खरिद गर्ने र लाग्ने रकम करिब रु.१,००,०००।- फोहरमैला व्यवस्थापन शिर्षकबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. १९ :-</u>

नदीनाला जन्य विपद व्यवस्थापन सम्बन्धमा ।

<u>निर्णय नं. १९ :-</u>

यस घरपझोङ गाउँपालिकाको बिचोबिच भई बग्ने कालीगण्डकी नदीमा ढुङ्गा, गिट्टी, बालुवा साथै अन्य नदीजन्य पदार्थहरु जम्मा भई नदीको सतह बढ्केकोले जोमसोम, स्याङ, मार्फा, छैरो लगायतका मुख्य गाउँबस्तीहरु र खेती योग्य जमिनलाई बर्षातको समयका क्षति पुऱ्याउने गरेको हुँदा कालीगण्डकी नदीबाट प्रभावित क्षेत्र जस्तै जोमसोमको पक्कीपुल देखि माथिलोपट्टी कालीगण्डकी नदीका आसपासका क्षेत्रहरु, स्याङ गाउँमा रोङती देखी तिक्यू सम्म कालीगण्डकी नदीका आसपासका क्षेत्रहरुमा जम्मा भएका ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थहरुको उचित व्यवस्थापन गर्ने प्रकृया गाउँपालिकाबाट अगाडी बढाउने भन्ने मिति २०८१।१२।८ गते बसेको नदीजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समिति, मुस्ताङमा निर्णय समेत भएको हुँदा उल्लिखित स्थानहरुबाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य

निर्णय प्रमाणित ।
०८१।१२।२२

पदार्थहरुलाई उचित स्थानहरुमा घाटगद्दी गर्ने र आवश्यकता अनुसार प्रयोग समेत गर्न मिल्ने निर्णयका लागि जिल्ला विपद् व्यवस्थापन समिति, मुस्ताङमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. २० :-

१ नं. वडाको सी.सी.टी.भी.सिस्टम मर्मत सम्बन्धमा ।

निर्णय नं. २० :-

यस गाउँपालिकाको १ नं. वडाको चिमाङ गाउँमा जडान भएको सी.सी.टी.भी. सिस्टम विद्युत सर्ट भई हरैजसो उपकरणहरु बिग्रिएकोले उपकरणहरु मर्मत गर्ने र हाल भई रहेको सी.सी.टी.भी. सिस्टमको कन्ट्रोललाई चिमाङ आधारभुत स्वास्थ्य केन्द्रमा स्थान्तरण गर्नका लागि आवश्यक पर्ने रु.२,००,०००।- विविध खर्च शिर्षकबाट खर्च गर्ने र सी.सी.टी.भी. मर्मत गरी सुचारु गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. २१ :-

वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा रहेका बिजुली बत्तीको ब्याकअप सम्बन्धमा ।

निर्णय नं. २१ :-

यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा बिजुली बत्तीको ब्याकअपका रुपमा प्रयोग भई रहेका ईन्भरटर सिस्टमहरु पुराना भई काम गर्न छोडेको भन्ने बुझिएकोले आवश्यक जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृतले आगामी बैठकमा जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित।
०८१।१२।२२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल